# क्याम्पस क्षेत्रमा अनुहार ढाक्ने चीज लगाउनु पर्ने आवश्यकता सम्बन्धी अनुरोधको अवज्ञामा कर्मचारीहरूको प्रतिक्रिया बारेको मार्गनिर्देशन

**विश्वविद्यालयका कर्मचारीहरू जो विद्यार्थीहरू, क्याम्पसका आगन्तुकहरू, एवं सहकर्मीहरूसँग अन्तरसम्बन्धमा रहन्छन् उनीहरूलाई यो मार्गनिर्देशन उपयोगी हुनेछ।**

यस असाधारण सामुदायिक स्वास्थ्य समस्याको समयमा, समग्र क्याम्पस समुदायको स्वास्थ्य रक्षा गर्नु व्यापक रूपमा साझा जिम्मेवारी हुन आएको छ। विद्यार्थीहरू, प्राज्ञिक कर्मचारीहरू, र क्याम्पसका आगन्तुकहरू सबैलाई आफ्नो तथा अझै बढी महत्वपूर्ण, समग्र क्याम्पस समुदायको स्वास्थ्य रक्षा गर्न विविध नियमहरू पालना गर्न अनुरोध गरिने छ।

विस्कन्सिन विश्वविद्यालय म्याडिसनको *COVID-19* मा काम गर्ने ठाउँको सुरक्षा नीति तथा क्याम्पसको सामुदायिक स्वास्थ्य नीति दुवै अनुसार *UW-Madison* समुदाय र हाम्रा संस्थानहरूमा भ्रमण गर्ने आगन्तुकहरूले तलका अवस्थामा अनिवार्य अनुहार ढाक्ने चीज लगाउनु पर्नेछ।

- विश्वविद्यालयका स्वामित्व भएका र विश्वविद्यालयबाट सञ्चालन गरिएका भवनहरूमा, एक्लै काम गर्ने स्थान बाहेक (जस्तैः कार्यालय, प्रयोगशाला, यांत्रिक स्थानहरू आदि);
- विश्वविद्यालयका स्वामित्व भएका सम्पूर्ण सवारी साधनहरूमा अरू व्यक्तिको साथमा सवार रहँदा;
- क्याम्पस क्षेत्रमा चल्ने सार्वजनिक बसहरूमा; र
- शारीरिक दूरी कायम राख्न सम्भव नहुने खुल्ला स्थानहरूमा।

हामी आशा गर्छौं कि यो नीति नियमको सबै जन समुदायले पालना गर्न सक्नु हुनेछ र स्वैच्छिक रूपले पालना गर्नु हुनेछ। हाम्रो समुदायका केही व्यक्तिहरू वहाँहरूले गर्ने कामको प्रकृति, धार्मिक, वा चिकित्सकीय कारणले अनुहार ढाक्ने चीज लगाउन सम्भव नहुने तथ्य पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ। कुनै यस्ता व्यक्तिहरूको अनुहार ढाक्ने चीज कारण सोध्ने वा यसको प्रमाण माग्ने तपाईंको जिम्मेवारी भित्र पर्दैन।

तपाईंको कार्य क्षेत्रमा वा भवनमा तपाईंका सहकर्मी, विद्यार्थी, वा आगन्तुकहरूले अनुहार ढाक्ने चीज नलगाउन वा छोप्न सक्दिन भनेर विरलै प्रतिवाद गर्लान्।

तपाई विश्वविद्यालयको कर्मचारी भएको हैसियतले प्रदेशभरिका हाम्रा स्वामित्वमा रहेका कार्यक्षेत्रहरूमा तपाईंको सम्पर्कमा रहने क्याम्पस समुदायका व्यक्तिहरू र अन्य आगन्तुकहरूसँग, वहाँहरूलाई सार्वजनिक स्वास्थ्य निर्देशनहरू र कुलपतिको कार्यकारी आदेश पालना गर्न अनुरोध गर्न सक्नुहुनेछ। हाम्रो यस्तो चुनौती पूर्ण अवधारणालाई "योजनाबद्ध दृढता" वा तपाईंहरूको लगातारको विनम्र अनुरोधले पालना गराउन सकिनेछ। यो अवधारणा सामान्य छ – हामीले जन समुदायलाई भलाद्मी तरिकाले भन्न सकिन्छ, उदाहरण- कृपया आफ्नो अनुहार ढाक्ने चीज लगाउन सक्नु हुन्छ कि! यसमा तपाईंले कुनै प्रमाण पेश गर्नु वा वाद-विवाद गर्नु आवश्यक पर्दैन।

***यदि तपाईंले कुनै व्यक्तिले अनुहार ढाक्ने चीज नलगाएको देख्नु भयो भने के गर्नु हुन्छ?***

1. **सम्झाउने वा स्मरण गराउने** अनुहार ढाक्ने चीज लगाउन आवश्यक छ भनेर सम्झाउने । यस्तो भाषा प्रयोग गर्नु होस्, "तपाईंले मास्क लगाउनु भएको रहेनछ" यो कुराकानी सुरुवातको विन्दु हुन सक्छ । यो स्मरण गर्नुहोस् कि सबै मानिस मास्क लगाउन वा अनुहार ढाक्ने चीज लगाउन सक्दैनन्, र यस्तो अवस्थाको मूल्याङ्कन गर्ने तपाईंको उत्तरदायित्व पनि होईन ।
2. **प्रस्ताव राख्नु** यदि तपाईंसँग फाल्टो मास्क छ र उनले चाहन्छन् भने अनुहार ढाक्ने चीज लगाउन प्रस्ताव गर्नुहोस् । क्याम्पसले पुनः प्रयोग नहुने मास्क र अन्य सुरक्षा साधनहरू *PPE* सबै विभाग र एकाइहरूमा उपलब्ध गराएको छ । यदि तपाईं यस्ता सामान कहाँ छन् भनेर अनभिज्ञ हुनु हुन्छ भने आफ्नो सुपरभाईजरसँग सोध्नुहोस् ।
3. **प्रतिक्रिया दिनुहोस्** अवस्था अनुसार आफ्नो उत्तम निर्णय क्षमताले प्रतिक्रिया दिनुहोस् । यदि कुनै आगन्तुकले अनुहार ढाक्ने चीज लगाउन अस्वीकार गर्नुहुन्छ भने, वहाँलाई त्यो ठाउँ छोडेर जान अनुरोध गर्नुहोस् । यदि वहाँहरू लगातार अस्वीकार गर्नु हुन्छ भने, यस्तो अवस्थाबाट पार पाउन उनीहरूबाट आफू टाढा जान वा अन्य उपयुक्त निर्णय गर्न सक्नु हुन्छ । क्याम्पसको स्वास्थ्य सम्बन्धी नियम पालना गराउने सिलसिलामा तपाईं आफ्नो स्वास्थ्य सुरक्षामा जोखिम नलिनुहोस् । वहाँहरूलाई तपाईं सुविधा उपलब्ध हुन सक्ने सूचना प्रदान गर्न पनि सक्नु हुन्छ । (अधिक सूचनाको लागि तल *FAQs* मा सम्भावित अवस्था मा हेर्नुहोस् ।) कृपया ध्यान दिनुहोस्- सुपरभाईजर, म्यानेजर, वा *HR* प्रतिनिधिले मात्र कुनै कर्मचारीलाई कार्य क्षेत्रबाट बाहिर जान भन्न सक्नेछन् । सहकर्मीसँग सम्बन्धित प्रसंगमा कुनै एकसँग सम्पर्क गर्नुहोस् ।

बिषेश परिस्थिति सम्बन्धी अधिक सूचना र स्रोत (अनुहार ढाक्ने चीज लगाउनबाट उन्मुक्ति पाउन सक्ने अवस्था) का बारेमा तल हेर्नुहोस् ।

# धेरै सोधिएका प्रश्नहरू (*FAQs*)

***यदि कुनै व्यक्ति चिकित्सकीय छुट भएको कारणले (Americans with Disabilities Act, वा ADA मातहत) यो नियम पालन गर्न नसक्ने बताउँछ भने के गर्ने?***

हाम्रो समुदायका सदस्यहरू, विद्यार्थी हुन् वा अतिथि, असक्षमताको कारणले अनुहार ढाक्ने चीज लगाउन नसक्ने हुन सक्छन् भन्ने महत्वपूर्ण तथ्यसँग सधैँ सजग रहनु पर्दछ । हामी हर बखत अरुलाई आदर गर्ने, शान्त, र समावेशी हुन प्रयास गर्नु पर्ने कुरा महत्वपूर्ण छ । तल केही अनुसरणीय बुँदाहरू वर्णन गरिएका छन्:

1. अनुहार ढाक्ने चीज लगाउनु नपर्ने उचित सुविधा (*reasonable accommodation*) वा छुट पाएका विद्यार्थीहरूले "*Faculty Notification Letter*" स्वीकृत छुट पत्र अनिवार्य प्रस्तुत गर्नु पर्नेछ ।
2. अनुहार ढाक्ने चीज लगाउनु नपर्ने उचित सुविधा (*reasonable accommodation*) वा छुट पाएका कर्मचारीहरूले उनीहरूको विभागीय असक्षमता प्रतिनिधि (Divisional Disability Representative) ले दिएको पत्र साथमा राख्नु पर्नेछ ।

3. आगन्तुक र अतिथिको हकमा:
    - वहाँहरूलाई सुरक्षित बाहिर निस्कन आग्रह गर्नुहोस् र बाहिरैबाट सहभागी हुन भन्नुहोस्, वा उचित छुट सुविधा (*reasonable accommodation*) को लागि छलफल गर्न सम्बन्धी विभागको सम्पर्क नम्बर दिनुहोस्।
    - यदि उक्त व्यक्तिले उचित छुट सुविधाको (*reasonable accommodation*) अनुरोध गर्नु हुन्छ भने, यस्तो सुविधा तुरुन्त उपलब्ध गराउनु होस् वा यस्तो अवस्थाको बारेमा छलफल गर्नुहोस्।

तल बताइएका कामहरू कहिल्यै **नगर्नु** होलाः

1. कुनै पनि चिकित्सकीय कागज पत्र नमाग्नू होस्, यदि कुनै व्यक्तिले तपाईंलाई यस्ता प्रमाण देखाउनु भएमा तुरुन्त फिर्ता गर्नुहोस्। यस्ता प्रमाणहरू *"ADA Face Covering Exemption"* कार्ड पनि हुन सक्छन्, जुन हामीलाई मान्य हुने छैनन्।
2. सुपरभाईजर, म्यानेजर,र *HR* प्रतिनिधिहरूले मात्र कर्मचारीहरूलाई कार्यस्थल छोड्न निर्देशन दिन सक्छन्। सहकर्मीको बारेमा कुनै पनि चिन्ता यी स्रोतहरू मध्ये एकमा निर्देशित गरिनु पर्दछ।

यदि तपाईंलाई कुनै प्रश्न वा जिज्ञासा छन् भने तलका निकायहरूमा सम्पर्क गर्नुहोस्:

- *UW-Madison* क्याम्पसका आगन्तुक र अतिथिको हकमा:
    - Ruben Mota, *ADA Coordinator, Office of Compliance*
        - फोन: (608) 265-4508
        - ईमेल: ruben.mota@wisc.edu
- *UW-Madison* का शारीरिक असक्षम विद्यार्थीको हकमा:
    - *McBurney Disability Resource Center*
        - फोन: (608) 263-2741
        - ईमेल: mcburney@studentlife.wisc.edu
- *UW-Madison* का शारीरिक असक्षम कर्मचारीको हकमा:
    - *Divisional Disability Representative*
    - *Employee Disability Resources Office*
        - फोन: (608) 263-2407
        - ईमेल: employee.disabilities@cdo.wisc.edu

***यस्तो नियम पालन गर्न अनुरोध गर्दा यदि कुनै व्यक्ति आक्रामक हुन्छन्, रिसाउँछन्, वा झगडा गर्न खोज्छन् भने के गर्ने?***

यस्तो अवस्थामा हाम्रो पहिलो (र सधैँ सबै भन्दा उत्तम) प्रतिक्रिया भनेको यस्तो अवस्थाबाट पर हट्नु हो। उनीहरूलाई शान्त पार्न हर सम्भव प्रयास गर्नु होस् र पुनः प्रयोग नहुने मास्क दिनु होस्। यस परिसरमा प्रवेश गर्ने वा परिसर भित्र रहने पहिलो सर्त नै तपाईंले अनुहार ढाक्ने चीज लगाउनु हो भनेर सम्झाउनु होस्।

अनुहार ढाक्ने चीज नियम पालना गराउन। *University of Wisconsin-Madison* पुलिस विभाग (*UWPD*) मा सम्पर्क नगर्नू नै उत्तम हुनेछ। यदि यस्ता व्यक्तिको व्यवहार कुनै व्यक्तिको व्यवहार खतरनाक देखिने, अपराध गर्न सक्ने, वा *UW Administrative Codes* को कानुन हुने, वा अरूको सुरक्षामा खतरा पुर्‍याउने अभिप्राय युक्त गतिविधि गर्ने, (व्यक्ति आफैँलाई समेत) धम्क्याउने वा सुरक्षा खतरा हुन्छ भने मात्र *UWPD* लाई सूचित गर्नुहोस्।

यस्तो भनाभनको अवस्थालाई कुरा गरेर साम्य पार्ने बारेको अधिक सूचनाको लागि *Dean of Students Office* बाट यी विधिहरू अपनाउनुहोस्।

### ***यदि आफ्नै सहकर्मी वा अरू कर्मचारीले यस्तो नियम पालन गर्ने अनुरोध अस्वीकार गर्छन् भने के गर्ने?***

यदि *UW-Madison* का कर्मचारीले अनुहार ढाक्ने चीज नियम पालना गर्न अस्वीकार गर्छन् भने, यस्तो अवस्थाको व्यवस्थापन गर्न तपाईंले आफ्नो सुपरभाईजर वा *HR* प्रतिनिधिसँग सम्पर्क गर्नु पर्छ। उनीहरूले उक्त कर्मचारीको सुपरभाईजरसँग समन्वय गरेर उसलाई नियम मार्गदर्शन पालन गराउनेछन्।

सुपरभाईजर, म्यानेजर, र स्थानीय *HR* प्रतिनिधिहरूका लागि थप मार्गदर्शनहरू यहाँ छन्: https://hr.wisc.edu/docs/covid19/employee-hesitancy-to-use-a-face-covering.pdf.